# श्री कन्या आधारभूत विद्यालय सिरहा

सिरहा
(जि. सिरहा)
प्रदेश नं. २ नेपाल

प.स.-२०८२-०८३
च.नं.-

मिति २०८२-०८-४

## विषयः- पोखरीको खुल्ला डाक बढाबढ सम्बन्धमा ।

**श्री सर्वसाधारण जानकारीको लागि,**

उपरोक्त सम्बन्धमा यस विद्यालयको मिति २०८२-०७-२७ गतेको निर्णयानुसार सि.न.पा. सिरहा अन्तर्गत श्री कन्या आधारभूत विद्यालय सिरहा-२, सिरहाको मातहतमा रहेको पोखरी देहाय बमोजिमको उल्लेखित शर्तहरुमा आ.व.२०८२/०८३ श्रावण देखी लागुहुने गरी आ.व. २०८५ को आषाढ मसान्त सम्म वर्ष ३(तिन) का लागि खुल्ला डाक बढाबढ द्वारा पोखरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक महानुभावहरु तपसिलका मिति, समय र स्थानमा उपस्थित भई खुल्ला डाक सकार गर्न यो सूचना प्रकाशित गरिएको छ ।

*तपसिलः-*

डाक हुने मितिः- २०८२-०८-१० गते आईतवार ।
समयः- विहान ११:० बजे ।
स्थानः- श्री कन्या आधारभूत विद्यालय सिरहा-२, सिरहा ।

| सि.नं. | न.पा | वार्डा नं. | कित्ता नं. | क्षेत्रफल | विद्यालयको शुरु अंक |
|---|---|---|---|---|---|
| १. | सिरहा | २ | ९८ | १-४-१० | ६,००,०००।०० |

पोखरी ठेक्काको शर्तहरुः-

१. खुल्ला डाक सकार विदेशी भए १०% र स्वदेशी भए ५% धरौटी रकम तुरुन्त विद्यालयमा बुझाउनुपर्ने छ ।
२. डाक सकार गरेको मितिले ७ दिन भित्रमा कवुल गरेको रकमको ५०% को दरले प्रथम किस्ता बुझाउनुपर्नेछ।
३. दोश्रो किस्ता वाकी रहेको ५०% रकम मिति २०८३ असाढ मसान्तको भित्रमा बुझाउनुपर्नेछ, सो रकम नबुझाएमा ठेक्का रद्ध हुनेछ र हर्जाना सरह अशुल उपर गरिनेछ र दोश्रो किस्ता रकम वापतको जिन्सी वा जग्गा धरौटी राख्नुपर्नेछ र सो रकम बुझाएमा मात्र फुकुवा हुनेछ ।
४. यसरी रद्ध भईआएमा ठेक्का पुनह लगाईनेछ ।
५. ठेक्का बन्दोवस्त तीन वर्षको लागि मात्र हुनेछ ।
६. पोखरी ठेक्का माछापालनको लागि मात्र हुनेछ ।
७. विद्यालयले तोकिएको अवधि भित्र किस्ता रकम नबुझाएमा ठेक्का बदर गरी पुन ठेक्का लगाउने काम गरिनेछ ।
८. विद्यालयबाट दिइएका निति निर्देशन अनिवार्य रुपले पालन गर्नु पर्नेछ ।

प्रधानाध्यापक

९. विद्यालयमा जम्मा गरेको धरौटी रकम अन्तिम किस्तामा मिन्हा हुनेछ ।

१०. पोखरी ठेक्का सम्बन्धि सम्पूर्ण अधिकार विद्यालयमा निहित हुनेछ ।

११. विद्यालयको कुनै आकाष्मिक वा निर्माण कार्य गर्नुपरेमा पोखरीको आवश्यक्ता भएमा विद्यालयले निश्चित समय अवधिका लागि सो पोखरी लिईनेछ र पछी सो समय अवधि थप गरिनेछ ।

१२. सबैभन्दा बढी कबुल गरेको व्यक्तिको डाक सकार हुनेछ ।

१३. डाक बढाबढमा एक पल्टमा एक जना मात्र पालो पाले गरी बोल्नुपर्नेछ ।

१४. डाक बढाबढ कार्यमा कसैले होहल्ला अशान्ती मचाउन खोजेमा निजलाई सो बढाबढमा भागलिन निशेध गरिनेछ ।

१५. डाक वोल्दा एकअर्काको बिचमा डाकको बोलाई ५,०००।- (पाँच हाजार) भन्दा वढी वा कम हुनुहुदैन।

१६. डाक सकार गरेको व्यक्तिले आफनो नागरिकताको प्रतिलिपी बुझाउनुर्पछ ।

१७. हाल पोखरीमा रहेको माछाको मरुल्यांकन बराबरको रकम थप हुनेछ ।

काशिन्द्र प्रसाद यादव

(प्र.अ.)

मो.नं.: ९८०५८१५८८८१

प्रधानाध्यापक